(Notice no: NSTB/NVQS/MoEC/RPLPMA/2081/082-II)

Nepal Vocational Qualifications System NVQS

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

बसहिया रोड, जनकपुरधाम धनुषा

शिक्षा तथा संस्कृति मन्त्रालय
मधेश प्रदेश

## सीप परीक्षणको आवेदन आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८२/०१/२५

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यावसायगत सीप प्रमाणिका अनुसार मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय /नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोस्रो(NVQS-PII) तथा बरहथवा नगरपालिकाबाट सहुलियत शुल्कमा सञ्चालन हुने भौचर प्रणालीमा आधारित पूर्व सिकाइको मान्यता (Recognition of Prior Learning-RPL) विधि अनुसार तपसिलका पेशाका इकाइगत (**Unit-Based**) सीप परीक्षणमा सहभागी हुन चाहने **स्वदेशी वा वैदेशिक रोजगारीबाट अनुभव प्राप्त** तथा सीपयुक्त नेपाली नागरिकहरूबाट सम्बन्धित स्थानीय तहमा रहेका तपसिल बमोजिमका पेशा/व्यावसायमा फाराम भरी तोकिएका संकलन केन्द्रहरूमा आवेदन फाराम पेश गर्न सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

<u>तपसिल</u>

क) <u>फारम संकलन केन्द्र, परीक्षण हुने व्यवसाय र तह:</u>

| क्र. स. | आवेदन फारम संकलन/ सीप परीक्षण केन्द्रहरू | सम्पर्क न. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, मधेश प्रदेश कार्यालय, बसहिया रोड,जनकपुर, धनुषा | ९८५४०२११८३<br>९८५४०२११९४ | प्लमबर, कन्सट्रक्सन मेसन, वेल्डर,<br>रेफ एण्ड एसी मेकानिक,<br>सेल/मोबाईल फोन रिपेयर टेक्निसियन | २ |
| २. | रोजगार सेवा केन्द्र, बरहथवा नगरपालिकाको कार्यालय, वडा न. ५, सर्लाही | ९८५४०३८९४८ | प्लम्बर, कन्सट्रक्सन मेसन | २ |
| ३. | लहान प्राविधिक शिक्षालय,लहान, सिरहा | ९८५२८३३७९९ | प्लम्बर, कन्सट्रक्सन मेसन, वेल्डर | २ |
| ४. | निर्मल लामा बहुप्राविधिक शिक्षालय बर्दिबास-११ खयरमारा,महोत्तरी | ९८५४०२१९४१ | प्लम्बर र कन्सट्रक्सन मेसन | २ |
| ५. | बिरगंज इन्स्टिट्युट अफ टेक्नोलोजी, बिरगंज, पर्सा | ९८५५०२०६९९ | प्लम्बर, कन्सट्रक्सन मेसन, वेल्डर,<br>रेफ एण्ड एसी मेकानिक,<br>सेल/मोबाईल फोन रिपेयर टेक्निसियन | २ |
| ६. | मेहता इन्फर्मेशन टेक्नोलोजी इन्स्टिच्युट, लहान, सिरहा | ९८४४६४२००० | सेल/मोबाईल फोन रिपेयर टेक्निसियन | २ |

ख) आवेदनको लागि न्यूनतम योग्यता:

| | |
|---|---|
| तह २ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको, <br>वा<br> सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भई सम्बन्धित पेशामा १ वर्षको कार्य अनुभव भएको, |

ग) आवेदन तथा रजिस्ट्रेसन शुल्क: रु २७० (आवेदकले व्यहोर्ने)

घ) सीप परीक्षणमा सहभागीले आवेदन फाराम भर्दा पालना गर्नु पर्ने शर्तहरू:

१. यस सूचना तथा आवेदन फाराम शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेशको वेबसाइट https://mowcys.madhesh.gov.np तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) मधेश प्रदेशको वेबसाइट https://ctevtp2.org.np बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

२. आवेदन फाराम तोकिएको केन्द्रमा मिति २०८२।०२।१४ गते भित्र बुझाउनु पर्नेछ । आवेदन फाराम बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलि पल्ट सम्म बुझाउन सकिनेछ।

३. आवेदन फारामको साथ पासपोर्ट साइजको हालसालै खिचिएको समान किसिमका फोटो २ प्रति, नागरिकता प्रमाणपत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र (अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार, वा अर्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजी रोजगारदाता संस्था/उद्योग/व्यवसायीले सम्बन्धित पेशा/व्यावसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ। १६ वर्ष उमेरपछिको अनुभवको मात्र गणना हुनेछ।

४. स्थानीय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफू कार्यरत वडा कार्यालयको सिफारिस पत्र पेश गर्न सक्नेछन्।

५. बैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फाराम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभवपत्र (अंग्रेजीमा अनुवादित गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

६. तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारामहरू स्वतः रद्द हुनेछन् ।

७. परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट समेत जानकारी गराइने छ । सीप परीक्षण आवेदन भरेकै केन्द्रबाट सहभागी आफै उपस्थित भई सीप परिक्षणको अघिल्लो दिन भित्र प्रवेशपत्र प्राप्त गर्न सकिनेछ । सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण संचालन हुन सक्नेछ ।

८. परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर (सीप परीक्षणमा लाग्ने सामाग्री तथा अन्य खर्च) निशुल्कः प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउने छन्।

९. यस भन्दा पहिले सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरूले पहिले सीप परीक्षणमा सहभागी हुँदाको रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । यसरी दोहोऱ्याएर सीप परीक्षण दिनेहरूले आवेदन फारामको माथि पुनः परीक्षण भन्ने कोठामा चिन्ह लगाउनु पर्ने छ ।

१०. आवेदकले कुनै एक तह वा पेशामा मात्र आवेदन दिन पाउने छन् ।

११. सीप परीक्षण आवेदन फाराम संकलन केन्द्रले आवेदन संकलन गर्दा **आवश्यक कागजात पुगेको रुजु गरी (आवेदन फाराम भर्ने अन्तिम मितिबाट पाँच दिन भित्र Online System** बन्द हुने भएकाले) उक्त अवधि भित्र अनलाइन फाराम इन्ट्री (प्रविष्ट) गरी परिषद् प्रदेश कार्यालयबाट अन्तिम **रुजु भई सके पछि** इन्ट्री (प्रविष्ट)वापत प्रति फाराम रु.७०।– का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मधेश प्रदेश कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक, पिडारी चौक, धनुषा शाखा को च. हि. खाता नं. १५२०१०००२६३८००१ मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान कपि अपलोड गर्नु

१२.यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकिएको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ ।

थप जानकारीको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मधेश प्रदेशको मोबाइल नम्बर ९८५४०२११८३ वा ९८५४०२११९४ तथा नेपाल व्यावसायिक योग्यता प्रणाली, प्रदेश परियोजना सहयोग इकाईको सम्पर्क नम्बर ०४१-५९१४४० मा सम्पर्क गर्न सकिने छ ।

निर्देशक